रावा बेसी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हलेसी, कामिडाँडे, खोटाङ
कोशी प्रदेश, नेपाल
Website: rawabesimun.gov.np
E-mail: info@rawabesimun.gov.np
rawabesigaupalika@gmail.com

पत्र सङ्ख्या: २०८०/०८१
चलानी नं.: ६६७

## समुदायमा आधारित पुनःस्थापना सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना

*(प्रकाशित मिति: २०८०/१०/०५)*

यस रावा बेसी गाउँपालिकाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र उक्त मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि छनोट गरेको कार्यक्रमको साझेदार संस्थासँगको लागत साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको लागि आवश्यक तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूवाट दरखास्त फाराम भर्न आह्वान गरिएको छ। रावा बेसी गाउँपालिकाले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरू भरी पासपोर्ट साईजको फोटो २ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको बैंक भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकवाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयवाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी पन्ध्र दिनभित्र पालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ।

रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन। साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरूको दरखास्त उपर कुनै कारवाही हुने छैन। झुटा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ।

**तपशिल**

१. विज्ञापन नं., पद र माग संख्या:

| सि.नं. | वि. नं. | पद | किसिम | माग संख्या |
|---|---|---|---|---|
| १. | १२/०८०/०८१ | समुदायमा आधारित पुनःस्थापना (सिविआर) सहजकर्ता | खुला | १ |

सरोज रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

Website: rawabesimun.gov.np
E-mail: info@rawabesimun.gov.np
rawabesigaupalika@gmail.com


पत्र सङ्ख्या: २०८०/०८१
चलानी नं.:

१. सेवाको किसिमः अस्थायी (करार सेवा)

२. आवश्यक न्यूनतम शैक्षिक योग्यता (कक्षा १२ वा सो सरह उतीर्ण गरेको) र अपांगताको क्षेत्रमा काम गरी अनुभव प्राप्त गरेको ।

(क) नेपाली नागरिक,

(ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको,

(ग) पुरुषका हकमा १८ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको,

(घ) सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा हुनुपर्ने। तर, छनौट गर्दाका बखत उल्लिखित योग्यता भएका स्थानीय व्यक्तिबाट निवेदन नआएमा जिल्लाका अन्य स्थानीय तहमा रहेका योग्यता पुगेका व्यक्तिहरू मध्येबाट यस मार्गदर्शन बमोजिमको प्रक्रिया पुरा गरी सहजकर्ता छनौट गर्न बाधा नपर्ने,

(ङ) नियमित रूपमा तोकिएको फिल्डमा गएर काम गर्न सक्ने,

(च) नियमित रूपमा अपाङ्गता भएका व्यक्तिहरूको घरैमा गएर अपाङ्गता भएका व्यक्ति र निजका परिवारलाई आवश्यक परामर्श, सहजीकरण र समन्वय गर्न सक्ने,

(छ) कम्प्युटर तथा कागजी दुबै स्वरूपमा तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन तयार गर्न सक्ने।

३. तलब, सुविधा तथा अन्य सेवा शर्तः मासिक रु. २५,०००।– (पच्चिस हजार रुपैयाँ मात्र) र अन्य सेवा सुविधा करार सम्झौतामा उल्लेख गरिए बमोजिम।

४. उम्मेद्वारको छनौट विधिः लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण तथा प्रत्यक्ष अन्तर्वार्ता।

५. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः

(क) रावा बेसी गाउँ पालिका कार्यालयबाट दरखास्त फाराम प्राप्त गरी उक्त फाराम भरी पालिकाको कार्यालयमा बुझाउनु पर्ने,

(ख) समावेशी (अपाङ्गता) तर्फ फाराम बुझाउने उम्मेद्वारहरूले प्रचलित कानून बमोजिम जारी भएको अपाङ्गता परिचय – पत्रको प्रमाणित प्रतिलिपि समेत दरखास्त फारमसाथ पेश गर्नुपर्ने छ।

प्रमुख प्रशासकीय अधिकृत

रावा बेसी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हरमटार, कुभिण्डे, खोटाङ

कोशी प्रदेश, नेपाल

Website: rawabesimun.gov.np
E-mail: info@rawabesimun.gov.np
rawabesigaupalika@gmail.com

पत्र सङ्ख्याः २०८०/०८१
चलानी नं.:

६. परीक्षा दस्तुरः खुल्ला रू ७००।-

७. परीक्षा दस्तुर बुझाउने प्रक्रियाः राष्ट्रिय वाणिज्य बैंक रावा बेसी गाउँपालिका हरमटार शाखामा रहेको गाउँपालिकाको वित्तीय संस्था/पालिकाको राजस्व फाँट) मा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फारामसाथ पेश गर्नुपर्ने छ।

८. दरखास्त फाराम भर्ने मितिः मिति २०८०/१०/०५ देखी २०८०/१०/२० सम्म।

**<u>थप जानकारीको लागि</u>**

बिशाल कुमार कार्की (प्रशासन शाखा प्रमुख)- मो.नं. ९८५११७२८२०,

सुशिला घिमिरे (महिला बालबालिका शाखा प्रमुख) मो.नं. ९८६२९७९२३२

सरोज रेग्मी
प्रमुख प्रशासकीय अधिकृत